# पर्सागढी नगरपालिकाको बिनियोजन बिधेयक/ऐन २०७५

**पर्सागढी नगरपालिकाको आर्थिक बर्ष २०७५।७६ को सेवा र कार्यहरुको लागी स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन**

नगर सभाबाट स्वीकृत मितिः२०७४।०३।३१

प्रस्तावनाः पर्सागढी नगरपालिकाको आर्थिक बर्ष २०७५।७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छानीय भएकोले, नेपालको संबिधनको धारा २२९ को उपधारा (२) बमोजिम पर्सागढी नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " पर्सागढी नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक बर्ष २०७५।७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च अधिकारः (१) आर्थिक बर्ष २०७५।०७६ को निमित्त नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पुजीगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५१८६६५६५५।२६ मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. बिनियोजनः (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७५।०७६ को निमित्त पर्सागढी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनै अपुग हुने देखिन आएमा नगरपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्म रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुजीगत खर्च र बित्तिय ब्यवस्थातर्फ बिनियोजित रकम सावा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चाल खर्च शीर्षक तर्फ सार्न र बित्तिय ब्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर  चालु तथा पुँजीगत खर्च र बित्तिय ब्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट शो शीर्षकको जम्म स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसुची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संबिधानको धारा २२९(२) बमोजिम

स्थानीय सञ्चित कोषबाट बिनियोज हुने रकम

**आर्थिक बर्ष २०७५।०७६ मा प्रस्तावित आय तथा व्यय अनुमान बिबरण**

| व्यय विवरण | रकम | आय विवरण | संघीय सरकार | प्रदेश सरकार | आन्तरिक आय | अन्य संघ संस्था | रकम |
|---|---|---|---|---|---|---|---|
| सशर्त | १२४२००००० ।०० | वितिय समानिकरण अनुदान | ११९०००००० ।०० | २९३७००० ।०० | ० ।०० | | १२१९३७००० ।०० |
| पदाधिकारी | १५१७०००० ।०० | राजस्व बाँडफाँड | ७८१००००० ।०० | ० ।०० | ० ।०० | | ७८१००००० ।०० |
| कर्मचारी | ४७१५०५३६ ।०० | सशर्त | ११४२००००० ।०० | १०००००००।०० | ० ।०० | | १२४२००००० ।०० |
| पुजिगत | ३६०५००००।०० | सम्पति कर | ० ।०० | ० ।०० | ९७००००० ।०० | | ९७००००० ।०० |
| बहुक्षेत्रीय पोषण कार्यक्रम | १५७०००० ।०० | ढुङ्गा गिट्टी बालुवा | ० ।०० | ० ।०० | ६०००००० ।०० | | ६०००००० ।०० |
| यूनिसेफ | ५५८४५०० ।०० | रजिस्ट्रशन दस्तुर | ० ।०० | ० ।०० | २५००००० ।०० | | २५००००० ।०० |
| सडक बोर्ड | ४०००००० ।०० | नक्सा पास दस्तुर | ० ।०० | ० ।०० | ३०००००० ।०० | | ३०००००० ।०० |
| सामाजिक सुरक्षा कार्यक्रम | ५०००६२५० ।०० | अन्य आय | ० ।०० | ० ।०० | ११२१९१९५ ।०० | | ११२१९१९५ ।०० |
| नगर स्तरिय/वडा स्तरिय योजना बाँडफाँड | ९६८४०००० ।०० | बहुक्षेत्रीय पोषण कार्यक्रम | १५७०००० ।०० | ० ।०० | ० ।०० | ० ।०० | १५७०००० ।०० |
| वडा कार्यालय | ५४०००००० ।०० | यूनिसेफ | ० ।०० | ० ।०० | ० | ५५८४५०० ।०० | ५५८४५०० ।०० |
| चालु वर्षको मौज्दातबाट अनुमानित आय अल्या | ८४०९४३६९ ।२६ | सडक बोर्ड | ० ।०० | ० ।०० | ० ।०० | ४०००००० ।०० | ४०००००० ।०० |
| | | सामाजिक सुरक्षा कार्यक्रम | ५०००६२५० ।०० | | | | ५०००६२५० ।०० |
| | | गत वर्षको राजस्व बाँडफाँड | | | | | १६७५४३४१ ।०० |
| | | चालु वर्षको मौज्दातबाट अनुमानित व्यय अल्या | ८४०९४३६९ ।२६ | | | | ८४०९४३६९ ।२६ |
| **जम्मा** | **५१८६६५६५५ ।२६** | **जम्मा** | **४४६९७०६१९ ।२६** | **१२९३७००० ।००** | **३२४१९१९५ ।००** | **९५८४५०० ।००** | **५१८६६५६५५ ।२६** |